# माननीय मन्त्री गंगानारायण श्रेष्ठ नेतृत्वको आन्तरिक मामिला तथा कानून मन्त्रालयले सम्पादन गरेका प्रमुख कार्यहरूको प्रगति विवरण
(मिति २०७९/१०/११ देखि २०८१/०४/०६)

**बागमती प्रदेश सरकार**

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

## माननीय मन्त्री गंगानारायण श्रेष्ठ नेतृत्वको आन्तरिक मामिला तथा कानून मन्त्रालयले सम्पादन गरेका प्रमुख कार्यहरूको प्रगति विवरण (मिति २०७९/१०/११ देखि २०८१/०४/०६)

नेपालको संविधान अनुसार सङ्घीयताको शासकीय अभ्यास हुन थालेको करिब ७ वर्ष पुरा हुन लागेको छ । यस अवधिमा प्रदेश सभाको पहिलो कार्यकालको पाँच वर्ष पुरा भई दोस्रो कार्यकालको डेढ वर्ष पुरा भएको छ। माननीय मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा म २०७९ माघ ११ गते यस आन्तरिक मामिला तथा कानून मन्त्रालयको जिम्मेवारीसहित सहभागी भएँ। मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकारले राजनीतिक उतारचढावका बाबजुद १ वर्ष ६ महिना अवधि पुरा गरेको छ । म सुरुदेखि नै निरन्तर रूपमा यो सरकारमा सहभागी रहँदै आएको छु । म यस अवसरमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात महान सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता योद्धा र घाइते अपाङ्गप्रति उच्च सम्मान व्यक्त गर्दछु।

शान्ति, सुव्यवस्था, सुशासन, न्याय, समानता, विकास र समृद्धि हासिल गर्ने महान उद्देश्यसहित देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। सङ्घीयता विशुद्ध एक राजनीतिक शासन पद्धति मात्रै नभएर आर्थिक प्रणाली पनि हो । हाम्रो जस्तो बहुजाति, बहुभाषी, बहुधार्मिक र बहुसंस्कृति भएको मुलुकमा सबै नागरिकलाई राज्यको मूल प्रवाहमा प्रवाहीकरण गर्न सङ्घीयता एक उत्तम व्यवस्था हो ।

तर विडम्बना, सङ्घीयता कार्यान्वयनको सात वर्ष बित्न लाग्दा पनि आजसम्म संविधानको मर्म अनुसार सङ्घीयता कार्यान्वयन हुन सकिरहेको छैन । प्रतिनिधिसभाले २०७६ मा प्रहरी समायोजन ऐन निर्माण गरे पनि प्रहरी समायोजन हुनसकेको छैन । सङ्घीय निजामती सेवा ऐन बन्न सकेको छैन । प्रदेश सरकारसँग आफ्नो प्रहरी र कर्मचारी नहुँदा प्रदेशको कामकारबाही प्रदेशबासीले अपेक्षा गरे अनुसार प्रभावकारी हुन सकिरहेको छैन ।

संविधानको भाग ५ मा राज्यसंरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था छ । संविधानको धारा ५६ र ५७ ले प्रादेशिक संरचना संघको इकाई होइन, छुट्टै सरकार हो भन्ने प्रष्टयाउँछ तर सङ्घीय सरकारमा रहेको राजनीतिक र प्रशासनिक नेतृत्वले प्रादेशिक संरचनाका लागि संविधानले दिएको अधिकारलाई बिर्सेर संघको इकाईको रुपमा व्यवहार गर्दै आएको तथ्य हाम्रा सामू छन् ।

नेपालको संविधानको अनुसूची ७ र ९ मा रहेका साझा अधिकारहरुको सूचीसँग सम्बन्धित विषयहरु तत्काल परिभाषित गरी तिनै तहको अधिकारहरुका सिमाहरु स्पष्ट गरेर सङ्घीय कानून निर्माण गरिएको छैन । प्रदेश कानूनमा समावेश भएको र समावेश हुने सजाय सम्बन्धी अनुसन्धान प्रदेश प्रहरी र अभियोजन लगायतका कार्यहरु मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्ने गरी आवश्यक कानून निर्माण गरिएको छैन । प्रदेशको क्षेत्राधिकारमा हस्तक्षेप हुने गरी बनेको सङ्घीय कानून

उपर प्रदेशबाट अदालतमा दायर भएको मुद्दाको छिटो सुनुवाई भइरहेको छैन । न्याय प्रशासन ऐन, २०७३ को दफा ५ को उपदफा (६) मा भएको कानूनी व्यवस्था बमोजिम प्रदेशको राजधानी बाहिर मुकाम भएका उच्च अदालतहरुलाई प्रदेशको राजधानीमा उच्च अदालतको मुकाम कायम गरिएको छैन । संविधानको धारा १५६ मा भएको प्रदेश न्याय सेवा आयोगसम्बन्धी कानून निर्माण गरिएको छैन । नेपालको संविधान र मुलुकी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा भएका कानूनी व्यवस्था बमोजिमका अधिकारहरु सङ्घीयताको मर्म र भावना अनुरुप सबै प्रदेशमा एकरुपता कायम गर्ने विषयमा ध्यान दिइएको छैन । प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड लगायतका कानूनी प्रावाधानहरुको कार्यान्वयनका लागि नियमावलीसहित आवश्यक कानूनहरु निर्माण गरिएको छैन । विशेष प्रकृतिका तथा राष्ट्रिय महत्वका विषयहरु समेटिएका रिटहरु वाहेक अन्य रिटको क्षेत्राधिकार उच्च अदालतलाई प्रदान गरी उच्च अदालतलाई समेत अभिलेख अदालत वनाउदै उच्च अदालतले गरेका निर्णय (फैसला) हरुको अभिलेख राख्न तथा त्यस्ता फैसलाहरु प्रादेशिक क्षेत्रभित्र नजिर सरह बाध्यकारी बनाइएको छैन । मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहने न्यायाधिवक्ता लगायतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ता कार्यालयले गर्ने संवैधानिक व्यवस्था छ । महान्यायाधिवक्ता कार्यालयका कर्मचारीहरुको व्यवस्थापन प्रदेश लोक सेवा आयोगले नै गर्ने गरी कानून निर्माण गरिएको छैन ।

यही कटु यथार्थलाई आत्मसात गर्दै प्रदेश प्रहरी समायोजनको विषयलाई लिएर मेरो अगुवाईमा बाँकी ६ वटा प्रदेशका आन्तरिक मामिला हेर्ने मन्त्रीज्यूहरुको बैठक बसी २०८०/८/१२ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई ध्यानाकर्षण पत्र बुझाएका थियौं। त्यसपछि पनि पटकपटक औपचारिक/अनौपचारिक रूपमा प्रधानमन्त्री र गृहमन्त्रीसँग प्रहरी समायोजनको पहल गरिरह्यौं । तर प्रहरी समायोजन हुनसकेन ।

संविधानको मर्म अनुसारको कानून निर्माण र पुराना कानूनहरू समयानुकूल परिमार्जन गरेर मात्रै संविधान कार्यान्वयन हुन सक्दछ । तर आज सङ्घीय सरकारले निर्माण गरेका कतिपय कानूनहरू संविधानको मर्म अनुसार नभएको देखिन्छ भने पुराना कानूनहरू समयानुकूल परिमार्जन गर्न ढिलाई भएको छ। जसका कारण सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति नागरिकहरूमा निराशा बढ्ने खतरा देखिन्छ।

संविधानको धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हक छन् । संविधानको धारा ४७ मा मौलिक हक कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले संविधान निर्माण गरेको तीन वर्ष भित्र कानूनी व्यवस्था गर्ने उल्लेख छ । यो मामिलामा हामी चुकिरहेका छौं । हामीले मस्यौदा गर्ने कानूनमा मौलिक हकका धारालाई सम्बोधन गर्दै जानु पर्नेछ । मौलिक हकको उपयोग गर्ने नागरिकका आफना कर्तव्य पनि छन् । संविधानको धारा ४८ मा राष्ट्रपति निष्ठावान हुँदै नेपालको

राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानूनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु नागरिकको कर्तव्य उल्लेख छ। राजनीतिक नेतृत्व र कर्मचारीको हकमा पनि ती कर्तव्य लागू हुन्छन्। हामीले बनाउने कानून राज्यका चार निर्देशक सिद्धान्त र राज्यका १३ वटा नीति भन्दा बाहिर जान सक्दैनन् । जुन संविधानको धारा ५० र ५१ मा उल्लेख छ ।

नेतृत्व व्यक्तिले होइन, नीतिले गर्ने हो । व्यक्ति त एउटा निमित्त पात्र मात्र हो । राजनीतिक उतारचढाव र परिस्थितिले नीति र नेतृत्व जन्माउँछ । त्यही राजनीतिक परिस्थितिले मलाई सङ्घीयता कार्यान्वयन गर्ने नीतिको प्रादेशिक नेतृत्व गर्ने भूमिकामा अगाडि ल्याएको हो । त्यसलाई मैले स्वीकार गरेर आफूले सक्ने जति मेहनत गरे । जुन मेरो जीवनको एउटा अविस्मरणीय क्षण बनेको छ र बनिरहनेछ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई संस्थागत गर्दै समाजवाद उन्मुख समाज निर्माण गर्ने दस्तावेजको रुपमा रहेको संविधानलाई कार्यान्वयन गर्ने क्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयको जिम्मेवारीमा रहेर जुन भूमिका निर्वाह गरे, त्यो भूमिकाले मलाई सङ्घीयता कार्यान्वयन गर्न थप काम गर्नु पर्ने उत्प्रेरणा जगाएको छ, त्यसले मलाई थप मेहनत गर्नु पर्ने हुटहुटी पैदा गराएको छ । म मन्त्रीको रुपमा रहँदा होस वा प्रदेशसभा सदस्यको रुपमा रहदा होस,

सङ्घीयता कार्यान्वयनका सन्दर्भमा आफनो ठाउँबाट खेल्नु पर्ने भूमिकामा कुनै कमि आउन दिने छैन।

सङ्घीयताको मेरुदण्ड प्रादेशिक संरचना हुन । प्रादेशिक संरचनाको नीति र कानून निर्माण गर्ने मुख्य मन्त्रालय आन्तरिक मामिला तथा कानून मन्त्रालय नै हो । प्रदेशको संस्थागत विकास गरी सङ्घीयतालाई सुदृढ गर्ने कानून यही मन्त्रालय मार्फत मस्यौदा भई प्रदेश सभामा जाने हो। प्रदेश सभाले बनाउने हरेक ऐन, विषयगत मन्त्रालयले बनाउने नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मन्त्रिपरिषद्मा जाने हरेक प्रस्तावका लागि यही मन्त्रालयको सहमति आवश्यक पर्छ। त्यसैले यो मन्त्रालय प्रदेशको नीतिगत नेतृत्व गर्ने मन्त्रालय पनि हो । नीतिगत नेतृत्व गर्ने मन्त्रालयले क्षणिक लाभ दिदैंन । यसले त दिगो प्रतिफल दिने हो । हामीले अहिले गरेका नीतिगत व्यवस्थाको प्रतिफल आगामी दिनमा देखिदै जानेछ ।

हिमाल जतिसुकै सेतो भए पनि सुर्यको किरण नपर्दासम्म त्यसले चमक दिन सक्दैन, त्यस्तै कानून जतिसुकै दुरगामी प्रभाव छोड्न सक्ने भएपनि त्यसलाई कार्यान्वयन गर्ने पात्र इमान्दार र मेहनती भइदिएन भने त्यो कानून कागजको खोस्टोमा परिणत हुन्छ । त्यसैले कानून निर्माण र कार्यान्वयन गर्ने पात्र एउटै सिक्काका दुई पाटा हुन भन्न सकिन्छ। परिणाम निकाल्ने गरी काम गर्न संघ, प्रदेश र स्थानीय तहका वीचमा समन्वय, सहकार्य र सहकारिताको सिद्धान्तलाई अवलम्बन गर्नु पर्ने

हुन्छ। हाम्रो संविधानको मूल मर्म पनि यही हो । परिणाम निकाल्नका लागि राजनीतिक नेतृत्व र प्रशासनिक संरचनाका वीचमा समन्वय त्यत्तिकै आवश्यक हुन्छ । राजनीतिक नेतृत्व र प्रशासनिक संरचना पनि एउटा सिक्काका दुई पाटा नै हुन । राजनीतिक नेतृत्वले परिणाम खोज्छ, प्रशासनिक नेतृत्वले प्रक्रिया मिलाउँछ । प्रक्रिया नमिलाई निकाल्न खोजिएको परिणाम दिगो हुन सक्दैन । परिणाम ननिकाली प्रक्रियामै अल्झिदा पनि शुन्यतामा सीमित हुन्छ । प्रगति र परिणाममा मानव अपेक्षा हुन्छ । त्यो विषय राजनीतिक नेतृत्व, प्रशासनिक संरचना र अन्य नागरिकमा पनि लागू हुन्छ । त्यसैले प्रक्रिया, परिणाम र प्रगति वीचको समन्वयले मात्र सुशासन, विकास र समृद्धि हासिल गर्न सकिन्छ ।

विशेषगरी नयाँ बनेको सङ्घीय सरकार र अब बन्ने प्रदेश सरकारको विशेष ध्यान माथि उल्लेखित विषयमा पुगोस् भन्ने चाहन्छु । सरकार भनेको अविच्छिन्न उत्तराधिकार संस्था हो । नयाँ बनेको सङ्घीय सरकारले सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित प्रहरी समायोजन लगायतका बाँकी कामहरू शीघ्र सम्पन्न गरेर प्रदेशलाई थप सुदृढ, सवल र संस्थागत गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछु । संक्रमणकालिन न्याय यथाशिघ्र सम्पन्न गर्नको लागि सङ्घीय संसदमा विचाराधिन रहेको वेपत्ता पारिएका व्यक्तिहरुको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी बिधेयक अविलम्ब पारित गर्न जोडदार माग गर्दछु।

साथै, यस मन्त्रालयको नेतृत्व लिएर आउनुहुने मन्त्रीज्यूलाई बधाई दिन चाहान्छु। साथै, आगामी दिनमा मन्त्रालयको कामलाई अझ थप प्रभावकारी बनाउन सफलता मिलोस् भन्ने शुभकामना पनि दिन चाहान्छु।

यस मन्त्रालयमा शान्ति सुरक्षा, विपद् व्यवस्थापन, कानून र प्रशासन गरी चार वटा महाशाखाहरू रहेका छन् भने मन्त्रालय मातहत रहने गरी सञ्चार रजिष्ट्रारको कार्यालय पनि रहेको छ । मेरो नेतृत्वमा रहेको यस आन्तरिक मामिला तथा कानून मन्त्रालयले मिति २०७९/१०/११ देखि २०८१/०४/०६ सम्म सम्पादन गरेका प्रमुख कार्यहरू सार्वजनिकीकरण गरेको छु ।

अन्त्यमा, मन्त्रालयको नेतृत्व गर्ने क्रममा सल्लाह, सुझाव प्रदान गर्नु हुने माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका मानानीय सदस्यज्यूहरू लगायत प्रमुख सचिव, सचिव, सञ्चार रजिष्ट्रार र मन्त्रालयका अन्य कर्मचारीहरू तथा सञ्चारकर्मी मित्रहरू सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

**गंगानारायण श्रेष्ठ**

**प्रवक्ता, बागमती प्रदेश सरकार**

**मन्त्री, आन्तरिक मामिला तथा कानून ।**

## आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट
## मिति २०७९/१०/११ देखि २०८१/०४/०६ सम्म
## सम्पादन भएका प्रमुख कार्यहरु

**शान्ति सुरक्षातर्फ**

- प्रदेश प्रहरी समायोजनको विषयलाई लिएर बागमती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयको नेतृत्वमा सबै प्रदेशका आन्तरिक मामिला हेर्ने मन्त्रीहरुको बैठक बसी २०८०/८/१२ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल `प्रचण्ड' र उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई ध्यानाकर्षण पत्र बुझाएको ।
- नेपाल सरकार गृह मन्त्रालयको समन्वय र सहकार्यमा तत्कालीन गृहमन्त्रीको उपस्थितिमा यस मन्त्रालयबाट प्रदेशस्तरीय सुरक्षा गोष्ठी आयोजना गरी बागमती प्रदेशको शान्ति सुरक्षा तथा विपद् व्यवस्थापनको अवस्थाको बारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको । साथै जिल्ला सुरक्षा समितिको समन्वयात्मक बैठक प्रदेशका सबै जिल्लाहरूमा सम्पन्न गरिएको ।
- प्रदेश सरकार गठन भएदेखि हालसम्म जम्मा ७१ वटा प्रहरी भवन निर्माणमा प्रदेश सरकारले लगानी गरेको । ६५ वटा प्रहरी भवन सम्पन्न भएको । निर्माण सम्पन्न भएका मध्ये ६१ वटा भवन उद्घाटन भै हस्तान्तरण गरिएको तर बागमती प्रदेश प्रहरी

कार्यालय हेटौंडा, सिन्धुलीको हर्षाही प्रहरी चौकी, नुवाकोटको देउराली प्रहरी चौकी, रामेछापको भुजी प्रहरी चौकी गरी ४ वटा प्रहरी कार्यालय भवन निर्माण सम्पन्न भए पनि हस्तान्तरण गर्न बाँकी रहेको । साथै ६ वटा प्रहरी भवन निर्माणाधीन अवस्थामा रहेको । हालसम्म उल्लेखित भवन निर्माण गर्न रू. ३ अर्ब ४७ करोड २२ लाख ६४ हजार निकासा भएको । प्रदेश प्रहरीका क्रमागत र नयाँ प्रहरी भवन निर्माणका लागि आ.व. २०७९/०८० र २०८०/०८१ मा कुल रु.६३ करोड ९ लाख ४८ हजार रकम बागमती प्रदेश प्रहरी कार्यालयलाई अख्तियारी प्रदान गरिएको ।

- निर्मित प्रहरी भवनहरुको संरचनात्मक सुधारअन्तर्गत कुल रु.८ करोड ६० लाख रकम बागमती प्रदेश प्रहरी र मातहतका कार्यालयहरुमा अख्तियारी प्रदान गरिएको ।
- प्रदेश प्रहरी र ट्राफिक प्रहरी सुरक्षा उपकरण खरिद गरी उपलब्ध गरिएको ।
- चितवन र काभ्रे जिल्लाका कारागारका कैदीबन्दीलाई सीप विकास तालिम प्रदान गर्न सम्बन्धित कारागारसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिएको । कैदीबन्दीलाई प्रविधि/यन्त्र उपकरण सहयोग कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सिन्धुली कारागारमा राइस स्टिमर उपलब्ध गराइएको । आ.व.

२०८१/०८२ मा नुवाकोट, चितवन, सिन्धुली, रामेछाप, धादिङ, मकवानपुर, रसुवा, सिन्धुपाल्चोक कारागारमा सिलाई बुनाई मेसिन, राईस स्टिमर खरिद गरिएको तर उपलब्ध गराउन बाँकी रहेको।

- द्वन्द्वपीडित सवलीकरण कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि स्वीकृत गरि कार्यविधि अनुरुप सम्बन्धित व्यक्तिले आफै सञ्चालन गरेका व्यवसाय र आ.व.द्ध पेशालाई सहयोग पुग्ने गरी कुल १ सय १२ जनालाई १ लाखका दरले १ करोड १२ लाख रकम प्रदान गरिएको ।
- नागरिक प्रदर्शनलाई व्यवस्थित र मर्यादित बनाउन प्रत्येक जिल्लामा सुरुमा १/१ सार्वजनिक नागरिक प्रदर्शनी स्थल निर्माणका लागि जिल्ला प्रशासन कार्यालयमा रकम अख्तियारी प्रदान गरिएको।
- आत्महत्या न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम रामेछाप, सिन्धुली जिल्लामा विद्यालयका विद्यार्थी लगायतका सरोकारवालाहरुबीच सञ्चालन गरिएको ।
- बागमती प्रदेश प्रहरी कार्यालयसँगको समन्वयमा सडक दुर्घटना कार्यक्रमअन्तर्गत बागमती प्रदेशका उपत्यका बाहेकको १० जिल्लामा ट्राफिक सचेतना, ट्राफिक प्रहरी र समुदाय संवाद कार्यक्रमसँग सम्बन्धित रहेर ट्राफिक सप्ताह कार्यक्रम कार्यान्वयन गरिएको ।

- २५ वटा शान्ति पार्कको पूर्वाधार निर्माण तथा स्तरोन्नतिको कार्य सम्पन्न भएको ।

**<u>विपद् व्यवस्थापनतर्फ</u>**

- विपद् खोज तथा उद्धार कार्य प्रभावकारी बनाउन झन्डै रू. ३ करोड बराबरको लागतमा ६४ प्रकारका विपद् उद्धार सामाग्री खरिद गरी भण्डारण गरिएको । भरतपुर महानगरपालिका-२९ को सिमलतालमा पहिरोको कारण त्रिशुली नदीमा वेपत्ता भएको यात्रुवाहक बसको खोजी कार्य प्रभावकारी बनाउन यस मन्त्रालयबाट मोटर बोट-१, र्याफ्ट बोट-१ र Under water search camera-१ सशस्त्र प्रहरी बल नेपाल नं.३ गढीमाईलाई प्रदान गरिएको ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि दक्ष जनशक्तिको उत्पादन गर्न गोताखोर तालिम सञ्चालनका लागि सशस्त्र प्रहरी बल नेपाल नं.३ गढीमाईलाई ३० लाख रकम प्रदान गरिएको र उक्त तालिमबाट कुल १९ जना गोताखोर प्रशिक्षित भएको।
- यस मन्त्रालयको आयोजना र प्रदेशस्तरीय सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी लगायतका सरोकारवाला निकायहरुको समन्वयमा जलउद्धार, आगलागी तथा भुकम्प लगायतका विपद्जन्य घटनाहरु सम्बन्धी कृत्रिम अभ्यास कार्यक्रम सम्पन्न गरिएको ।

- विपद् व्यवस्थापन बेस (गुल्म) भवन हेटौंडा र काभ्रेमा निर्माण भई सञ्चालनमा रहेको ।
- विपद् सुरक्षा संस्कृति निर्माण गर्ने उद्देश्यसहित विपद् व्यवस्थापनका लागि स्वंयमसेवक समूह निर्माण तथा परिचालनका लागि प्रदेश स्वयंसेवक व्युरो तथा स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०८० तर्जुमा गरि बागमती प्रदेशका ११ स्थानीय तहका वडास्तरमै स्वयंसेवक समूह गठन गर्नका लागि कुल रु.४ लाख २५ हजारका दरले अख्तियारी प्रदान गरिएको ।
- विपद् गैर खाद्य सामाग्रीअन्तर्गत चिसो मौसमलाई मध्यनजर गर्दै बागमती प्रदेश भित्रका कुल ६ स्थानीय तहका ३५६ घरधुरीलाई ६६६ थान न्यानो फाईबर सिरक वितरण गरिएको।
- प्रदेश गोदामघर नुवाकोट, काभ्रे र हेटौंडाको कार्यकक्ष व्यवस्थापन तथा सुदृढिकरण गरिएको ।
- मनसुनजन्य विपद् प्रभावित नीजि आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि, २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि, २०७८ बमोजिम हालसम्म प्रदेश सरकारको हिस्सा वापत विभिन्न जिल्लाका लाभग्राहीको लागि कूल रू. ११ करोड ४० लाख ८२ हजार ५ सय रूपैया सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिमा प्रदान गरिएको ।

- विगतमा बागमती प्रदेश भित्रका सबै जिल्ला प्रशासन कार्यालयलाई १०/१० लाखका दरले राहत वितरणका लागि रकम प्रदान गरिएकोमा जिल्ला प्रशासन कार्यालय रामेछाप र सिन्धुलीलाई राहत वितरण गर्ने प्रयोजनार्थ थप रु. १०-१० लाख प्रदान गरिएको ।
- विपद् व्यवस्थापन सम्बन्धी सचेतनामुलक कार्यक्रम मनहरी गाँउपालिका, राक्सिराङ गाँउपालिका, कैलाश गाँउपालिका, माडी नगरपालिका, रत्ननगर नगरपालिकाका विद्यालयमा सञ्चालन गरिएको।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा काभ्रे, रामेछाप, दोलखा, रसुवा जिल्लाका विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुसँग अन्तर्किया कार्यक्रम गरिएको ।
- विपद्का दृष्टिकोणले जोखिम २६ स्थानीय तहलाई मनसुन २०८१ को पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्य गर्ने गरि कुल रु.३ करोड ४५ लाख सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन कोषमा प्रदान गरिएको । गत आ.व. मा समेत मनसुन पुर्वतयारी तथा प्रतिकार्यका लागि १० जिल्लाका १० स्थानीय तहमा १० लाखका दरले कुल रु. १ करोड रकम प्रदान गरिएको ।
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी स्वरुप जोखिमयुक्त भवन तथा संरचनाहरुको संरक्षणका लागि कुल रु. ३ करोड ३५

लाख प्रदान गरिएको। साथै गोलन्जोरमा विपद् वेस स्थापना सहयोगको लागि कूल रू. ५ लाख ९६ हजार प्रदान गरिएको ।

- अन्तरप्रदेश सहयोगस्वरूप कर्णाली प्रदेशमा प्रभावित भूकम्प पीडितलाई अन्तरप्रदेश सहयोगस्वरूप खोज उद्धार, उपचार, राहत तथा पुनर्स्थापनाको लागि रू. १ करोड ५० लाख प्रदान गरिएको ।
- विगु गाँउपालिका वडा नं.४ सिंगटी बजार खोलिखिम माथि पहाडको ठुलो ढुङ्गा विस्फोट गर्दा लागेको खर्चमध्ये कुल २० लाख रुपैंया रकम सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन कोषमा प्रदान गरिएको ।

**<u>कानूनतर्फ</u>**

- प्रदेश सरकारलाई संस्थागत र सवलीकरण गर्न प्रदेश सरकार गठन भएपश्चात हालसम्म ऐन ६३, अध्यादेश १४, नियमावली २५, विनियमावली २, निर्देशिका ८, कार्यविधि ५५, मापदण्ड १०, आदेश ७ गरी जम्मा १८४ वटा कानून निर्माण भएका छन् । जसमध्ये २०७९।१०।११ बाट २०८१।०४।०६ सम्म ऐन-९, अध्यादेश १, नियमावली ७, निर्देशिका ४, कार्यविधि २०, मापदण्ड -६, विधान-२ र आदेश-३ र राजपत्र सूचना- ४३ गरी कुल ९५ कानून प्रदेश राजपत्रमा प्रकाशन गरिएको ।

- बागमती प्रदेश ऐन तथा नियम सङ्ग्रह २०७९ र २०८० प्रकाशन गरिएको ।
- बागमती प्रदेशका ७२ वटा गाँउपालिकामा स्थानीय न्यायिक सहजकर्ता नियुक्त गरि उनीहरुलाई कानून तर्जुमा, न्यायिक प्रक्रियालगायतका विषयमा अभिमुखीकरण प्रदान गरिएको ।
- प्रदेश मन्त्रालयका सचिव र कानून अधिकृतहरुलाई फैसला कार्यान्वयन र लिखित जवाफ सम्बन्धमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको ।
- प्रदेशका मन्त्रालयका महाशाखा प्रमुख र कानून अधिकृतहरुलाई कानून तर्जुमा, लिखित जवाफ, कानूनी राय तथा राजपत्रसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम चितवनमा सम्पन्न भएको ।
- बागमती प्रदेशका विभिन्न स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरु र जनप्रतिनिधिहरुलाई स्थानिय तहको कानून निर्माण, मेलमिलाप र न्यायिक प्रक्रियाका सम्बन्धमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको ।
- धादिङ, नुवाकोट, चितवन र मकवानपुरका स्थानीय तहका कर्मचारीहरुका लागि कानून तर्जुमा लिखित जवाफ कानूनी राय तथा राजपत्र सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको।
- जिल्ला कानूनी सहायता कार्यक्रम अन्तरगत १३ जिल्लाका कानूनी सहायता समितिको सेवा प्रवाहको प्रभावकारीता अभिवृद्धि गर्ने

उद्देश्यले डेस्कटप, प्रिन्टर लगायतका सामाग्री हस्तान्तरण गरिएको ।

- बागमती प्रदेशका ४ स्थानीय तहमा सञ्चालन गर्ने गरि स्थानीय विद्युतीय न्याय व्यवस्थापन प्रणाली निर्माण गरिएको ।
- सेवा प्रवाह र सुशासनसँग सम्बन्धित कानूनको विषयमा पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम मकवानपुरको हेटौंडामा सम्पन्न ।

**<u>सूचना तथा सञ्चारतर्फ</u>**

- नुवाकोट, ललितपुर, सिन्धुली, रामेछाप, दोलखा जिल्लाका सरकारी कार्यालयका प्रमुख, सुचना अधिकारी तथा प्रवक्ताहरुलाई सूचनाको हक प्रवर्द्धन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको ।
- पत्रकारिताका सम्बन्धमा देहायका क्षेत्रमा तालिम प्रदान गरिएको।
    - डेटा ड्रिभन पत्रकारिता तालिम
    - अनलाइन पत्रकारिता तालिम
    - डिजिटल पत्रकारिता तालिम
- रेडियो प्राबिधिकका लागि हार्डवेयर सफ्टवेयर (पोडकास्ट) को तालीम
    - मोबाइल पत्रकारिता तालिम
    - बजार व्यवस्थापन तालिम
    - समाचार लेखन कार्यशाला

- चालु आ.व. मा पत्रकार बीमा अन्तरगत कुल ४४० जनाको बिमा गरिएको । गत आ.व. मा कुल १५८५ जना पत्रकारको दुर्घटना बिमा गरिएको ।
- पत्रकारिता पुरस्कारअन्तर्गत आ.व. २०७९/०८० मा ६ जना र आ.व. २०८०/०८१ मा ७ जना सक्रिय रुपमा कार्यरत पत्रकारहरुलाई प्रमाणपत्र र नगद पुरस्कारद्वारा पुरस्कृत गरिएको ।
- चलचित्र सम्बन्धी विधेयकको मस्यौदा तयार गर्न मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति भएको ।
- मौलिक चलचित्र सम्बन्धी कार्यविधि स्वीकृत भई कार्यविधि बमोजिम निर्माण भएका चार वटा लघु चलचित्रलाई १/१ लाखका दरले प्रोत्साहन वृत्ति प्रदान गरिएको । साथै, उक्त कार्यविधि बमोजिम निर्माण भएको तीन वटा वृत्तचित्रलाई १/१ लाखका दरले प्रोत्साहन वृत्ति प्रदान गरिएको ।
- बागमती प्रदेशमा छायाङ्कन भएको अन्तराष्ट्रिय चलचित्र महोत्सवमा सहभागी एक लघु चलचित्र साक्षी रुख चलचित्रलाई कार्यविधि बमोजिम एक लाख रुपैया भ्रमणवृत्ति प्रदान गरिएको।
- मौलिक चलचित्र सम्बन्धी कार्यविधि बमोजिम दुई वटा चलचित्र महोत्सवका लागि दुई/दुई लाख प्रोत्साहन स्वरुप सहयोग प्रदान गरिएको।

- चलचित्रमा लेख्ने पत्रकारका लागि एप्रिसियसन कार्यशाला सञ्चालन गरिएको ।
- लघु चलचित्र र बृत्तचित्र निर्माता (आठ जना) लाई गणतन्त्र दिवसका अवसरमा प्रशंसापत्र प्रदान गरिएको ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय साइबर कानून, साइबर अपराध, सामाजिक सञ्जाल र साइबर अपराध सम्बन्धी मुद्दामा अदालतको फैसला समेटिएको पुस्तक तयार गरिनुका साथै त्रिभुवन विश्वविद्यालय स्नातक तहको चौथो बर्षको पाठयक्रममा समावेश भएको अनलाइन पत्रकारिता हाते पुस्तक अद्यावधिक र परिस्कृत गरि मूल्य निर्धारण समेत भएको ।
- जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण सम्बन्धी कार्यविधि बमोजिम संविधानमा प्रादेशिक अधिकार समेटिएको एक र भ्रमित सूचनाबाट बच्ने उपाय सम्बन्धी एक गरी दुई वटा भिडियो, अडियो र अनलाइनको व्यानर तयार गरी सञ्चार माध्यमहरुबाट प्रकाशन तथा प्रसारण भएको ।
- पाँच जना जेष्ठ पत्रकारको अनुभव अभिलेखीकरणका लागि शब्द र श्रव्यदृश्य सामग्री संकलन भइ पुस्तक तयार गरिएको ।
- एफ.एम. रेडियो, केवलमा आधारित टेलिभिजन, अनलाइन सञ्चार माध्यम नयाँ दर्ता, नविकरण र नियमनको कामलाई निरन्तरता दिइएको ।

- पत्रकार परिचयपत्र नयाँ वितरण तथा नविकरणको कामलाई निरन्तरता दिइएको ।
- सञ्चार रजिष्ट्रारको कार्यालयबाट आर्थिक वर्ष २०८०।८१ को असार मसान्त सम्म कुल रु. ९५ लाख ३९ हजार ९ सय ८९ रुपैया राजस्व संकलन भएको। गत आ.व. २०७९।८० मा १ करोड १७ लाख १८ हजार राजस्व संकलन भएको ।
- बागमती प्रदेशभित्र देहाय बमोजिमका एफ एम रेडियो, केवल टेलिभिजन तथा अनलाइन पत्रकारिता दर्ता भई सञ्चालनमा रहेको ।

**जम्मा दर्ता भएका एफ एम रेडियो ९७**

२०८०/०८१ मा नवीकरण ७८

२०८१/०८२ मा नवीकरण ३३

**जम्मा दर्ता भएका केबुल टेलिभिजन ३८**

२०८०/०८१ मा नवीकरण २९

२०८१/०८२ मा नवीकरण १३

**जम्मा अनलाइन पत्रकारिता संख्या २५०**

२०८०/०८१ मा नवीकरण १०५

**जम्मा परिचयपत्र संख्या १०००+**

२०८०/०८१ मा नवीकरण ६४०

**<u>प्रशासनतर्फ</u>**

- संविधान दिवस (राष्ट्रिय दिवस), सहिद दिवस, गणतन्त्र दिवस, प्रजातन्त्र दिवस लगायतका विभिन्न समारोहको प्रदेशस्तरीय मूल समारोह समिति गठन गरी विभिन्न कार्यक्रमहरू सहित भव्यताका साथ मनाईएको ।
- नेपाल टेलिभिजनबाट प्रदेश गतिविधि जानकारी दिने टेलिभिजन कार्यक्रम अन्तरगत प्रत्येक महिनाको पहिलो र तेस्रो हप्ताको मंगलबार ७:२५ बजे प्रदेश गतिविधिसँग सम्बन्धित सामाग्री प्रशारण भइरहेको।
- मन्त्रालयको दोस्रो चौमासिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको । आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम, बजेट तयार भई स्वीकृत भएको ।
- २०८० र २०८१ सालको लागि वार्षिक क्यालेन्डर छपाई गरि प्रदेश मन्त्रालय/निकायहरुमा वितरण गरिएको ।
- प्रदेश सरकारले गरेका कामलाई सर्वसाधारणसम्म पु¥याउने हेतुले प्रदेश सरकारका प्रवक्तासमेत रहनुभएका मा. मन्त्रीले मिडियाकर्मीहरूसँग महिनामा एकपटक साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने गरिएको ।

चालु आर्थिक बर्ष २०८१/०८२ का लागि नीति तथा कार्यक्रम र बार्षिक बजेट बिनियोजन भइ मन्त्रालय र मातहतका निकायले अख्तियारी पनि प्राप्त गरिसकेका छन् । नयाँ बजेटलाई कार्यान्वयन गर्न आवश्यक कार्यविधि, मापदण्ड, निर्देशिका र अन्य प्रक्रिया अगाडि बढाई तदारुकताका साथ काम गर्न सक्दा आन्तरिक मामिला तथा कानून मन्त्रालयले बिगतका बर्षमा भन्दा दुरगामी प्रभाव छोड्न सक्नेछ । ती कार्यक्रम कार्यान्वयनमा नयाँ मन्त्रीज्यूलाई सफलता मिलोस्, विश्वव्यापी रुपमा जलवायू परिवर्तनको असरका कारण बाढी, पहिरो, डुवान लगायतका प्राकृतिक प्रकोप आगामी दिनमा घट्ने छैन, बढ्नेछ । त्यसको असर बागमती प्रदेशले पनि भोगिरहेकै छ । विपद् व्यवस्थापन गर्ने तालुक मन्त्रालय हुनुको नाताले पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कामलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नीतिगत, कानूनी र संरचनागत विकास गर्दै अगाडि बढ्नु पर्नेछ । त्यसमा पनि नयाँ मन्त्रीज्यूलाई सफलता प्राप्त होस् । मेरो शुभकामना छ ।

२०८१/०४/०८

## बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

### हेटौंडा, नेपाल

फोनः- ०५७-५२७५१२/०५७-५२७५१३

Website: www.moial.bagamati.gov.np

Email: moial@bagamati.gov.np